तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिका बैठक संख्या ११/०७८/०७९ (१२१) मिति २०७९/०२/१९ गते ।

प्रस्तावहरुः

१. धन्यवाद ज्ञापन सम्बन्धमा ।
   - क) मतदाताहरुलाई
   - ख) निर्वाचन आयोग र सम्बद्ध निकाय, कर्मचारी र सुरक्षाकर्मी
   - ग) नगरपालिकाका पूर्व पदाधिकारीहरुलाई ।

२. दिवा खाजाका लागि रकम थप सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं.-१**

क) मिति २०७९/०१/३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचन-२०७९ मा आफ्नो अमूल्य मत प्रदान गरी तिलोत्तमा नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, वडाध्यक्ष, नगर कार्यपालिका तथा नगरसभा सदस्यमा निर्वाचित गराउनुहुने तिलोत्तमा नगरबासी सम्पूर्ण मतदाताहरुलाई हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्ने निर्णय गरियो ।

ख) स्थानीय तह सदस्य निर्वाचन-२०७९ मा अहोरात्र खटिई निर्वाचनको सम्पूर्ण प्रक्रिया सम्पन्न गर्न सहयोग पुर्याउने निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय तिलोत्तमा, नेपाली सेना, जिल्ला प्रहरी कार्यालय रुपन्देही, शसस्त्र प्रहरी, जिल्ला निर्वाचन कार्यालय लगायत सम्वद्ध सरकारी कार्यालयहरु एवम् समग्र व्यवस्थापन कार्यमा खटिएका राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी सम्पूर्णमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

ग) स्थानीय तह सदस्य निर्वाचन-२०७४ बाट यस नगरपालिकामा निर्वाचित भए पश्चात उत्कृष्ट कार्यसम्पादन गरी यस नगरपालिकाको विकास व्यवस्थापन, सेवा प्रवाह, सुशासन, हरियाली प्रवर्द्धन, सामाजिक सशक्तिकरण लगायत समग्र नगरको विकासमा योगदान पुर्याउनु भएकोमा प्रथम नगर प्रमुख, उपप्रमुख, वडाध्यक्ष, नगर कार्यपालिका तथा नगरसभा सदस्यमाज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.-२**

- सामुदायिक विद्यालयमा अध्ययनरत बालविकास देखि कक्षा ८ सम्मका सबै बालवालिकाहरुलाई नेपाल सरकारको आ.व.२०७९/०८० को नीति तथा कार्यक्रममा उल्लेख भएको प्रति विद्यार्थी रु.१५ खाजा व्यवस्थापनमा उक्त बजेट न्यून भएकोले आ.व.२०७९/०८० को श्रावण महिना देखि नगरपालिकाको स्रोतबाट रु.१० थप गरी रु.२५ बरावरको खाजा व्यवस्थापन गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख